**Patan Pragya** *(Volume: 10, Number: 1, 2022)* *ISSN 2594-3278*

Received Date: April 2022 Revised: June 2022 Accepted: July 2022

*Doi-https://doi.org/10.3126/pragya.v10i01.50795*

# बुंगमलोकेश्वरको रथजात्रा र नरेन्द्रदेवको प्रसंग

**उपप्रा.डा. वज्रमुनि वज्राचार्य***

**सार**

*काठमाडौं उपत्यकाको ललितपुरमा मनाउँदै आइरहेको करुणामयको जात्रालाई मत्स्येन्द्रनाथको रथजात्रा पनि भनिन्छ । स्थानीय नेवारहरूले भनिने करुणामयलाई आर्यावलोकितेश्वर, लोकेश्वर, लोकनाथ, बृष्टिदेवता, रक्तावलोकितेश्वर, बोधिसत्व, पद्मपाणी, बुंगमलोकेश्वरको रथजात्राको नामले पनि चिनिन्छ । धार्मिक सहिष्णुता र समन्वयको रूपमा एकै देवतालाई बौद्धहरूले करुणामय, लोकेश्वर, बोधिसत्व, आर्यावलोकितेश्वर, पद्मपाणी, वैष्णवहरूले नारायण र शैवहरूले मत्स्येन्द्रनाथको नामले पुजिंदै आइरहेको छ । यो रथजात्रा कहिलेसुरु भयो ? कसले सुरु गर्यो ? एकिनका साथ भन्न सक्ने दिगो प्रमाण अहिलेसम्म भेटिएको छैन । जनविश्वास अनुसार मत्स्येन्द्रनाथको रथजात्रा लिच्छवि राजा नरेन्द्रदेवको पालमा सुरु गरेको भन्ने धारणा छ । जुन ऐतिहासिक प्रमाण अनुसार मिल्दैन । यो लेखको उद्देश्य भनेको रथजात्राको सुरुवात लिच्छवि राजा नरेन्द्रदेवको पालामा भएको होइन, लिच्छविकालमा उक्त देवतालाई मत्स्येन्द्रनाथ भनिंदैन भन्ने प्रमाणित गर्नु हो । यसको लागि पुस्तकालय विधि र प्राथमिक स्रोतको रूपमा अभिलेखको अध्ययन भएको छ । ललितपुरमा मनाउँदै आइरहेको हाल मत्स्येन्द्रनाथको रथजात्रा भनिने विषयवस्तुमा यो लेख सीमित छ । ग्रन्थ अभिलेखको आधारमा आगमनात्मक विधि अनुरूपब्याख्या र विश्लेषण भएको छ । मत्स्येन्द्रनाथको रथजात्रा लिच्छवि राजा नरेन्द्रदेवको पालामा सुरु गरेको नभै पूर्वमध्यकालका राजा गुणकामदेवको छोरा नरेन्द्रदेवले चलाएको हो भन्ने भनी देखाउनु लेखको सार हो ।*

**मुख्य शब्दावली**– बुग्मलोकेश्वर, मत्स्येन्द्रनाथ, करुणामय, गोरखनाथ, मीनपा, रथजात्रा, कामारुकामाक्ष ।

## १. परिचय

काठमाडौं उपत्यकामा राजकीय समानका साथ मनाईने सबभन्दा लामो रथजात्रा ललितपुरको करुणामय वा मत्स्येन्द्रनाथको रथजात्रा हो । जसलाई अन्नदाताको रूपमा पनि लिइन्छ । नालाको सृष्टिकान्त लोकेश्वर सम्पूर्ण प्राणीहरूको सृष्टिको रूपमा लिइन्छ । च्वबहालको आनन्दादि लोकेश्वरलाई रोग निराकरण गर्ने देवताको रूपमा लिइन्छ । जनबहालको आर्यावलोकितेश्वर (जमलेश्वर)लाई मृत्युको भय निराकरण गर्ने लोकेश्वरको रूपमा लिइन्छ । नेपालमण्डलमा यी चार लोकेश्वरलाई महत्वपूर्ण लोकेश्वरको रूपमा वर्षको एकचोटि जात्रा मनाउँदै आइरहेको छ । त्यसमध्ये ललितपुरमाप्रत्येक वर्ष बैशाख महिनामा ललितपुर यो रथजात्रा मनाइन्छ । जात्राको सुरु पुल्चोकमा रथ निर्माण गरी ललितपुर शहर घुमाएर परिक्रमा गरिन्छ भने जात्राको समापन जाउलाखेलमा करुणामयको भोटो देखाई गरिन्छ । उक्त दिनमा रथबाट देवताको मूर्ति निकाली सानो खटमा राखी चारजनाले बोकेर बुंगमति लगिन्छ । त्यसपछि ती देवता ६ महिनासम्म बुंगमतीको मन्दिरमा राखिन्छ र अर्को वर्षको जात्राको लागि पुनः ललितपुरमा ल्याई तःबहालमा राखिन्छ ।

बुंगमती ललितपुर महानगरपालिका वडा नं २१ दक्षिण दिशामा अवस्थित छ । बुंगमतीमा राखीने देवता भएकोले स्थानीयहरू उक्त देवतालाई बुंगद्यः वा बुंगमलोकेश्वर भनिन्छ । बोलिचालिमा मत्स्येन्द्रनाथको रथजात्रा भनिएतापनि उपत्यकाका नेवारहरूले करुणामय जात्रा भन्ने गर्छन् । करुणामयको अर्थ करुणाको खानी भन्ने हुन्छ । यो देवतालाई बौद्ध, शैव र

*उप प्राध्यापक.डा. वज्रमुनि वज्राचार्य नेपाल भाषा केन्द्रीय विभाग, पाटनढोका, ललितपुरमा कार्यरत हुनुहुन्छ .

वैष्णवहरूले आआफ्नो नामबाट पुजिन्छ । बौद्धहरूले हातमा कमलको फूल लिएको (पद्मपाणी) लोकेश्वरकोरूपमा, शैवहरू मत्स्येन्द्रनाथको रूपमा र वैष्णवहरूनारायणको रूपमा पुज्छन् ।यो देवता राष्ट्रिय देवता हुनुको साथै धार्मिक समन्वयको प्रतीक पनि हो ।तीनै सम्प्रदायको आ–आफ्नै किंबदन्ती पनि छन् ।

ललितपुरमा मनाइने करुणामय वा मत्स्येन्द्रनाथको रथजात्राको श्रेय जनमानसले नरेन्द्रदेवलाई दिंदै आइरहेको छ । नेपलको इतिहासमा नरेन्द्रदेव तीनजना छन् । लिच्छवि राजा अंशुवर्मापछिका राजा उदयदेवका छोरा नरेन्द्रदेव, पूर्वमध्यकालका गुणकामदेवका छोरा नरेन्द्रदेव, इन्द्रदेवपछि शासन गर्ने नरेन्द्रदेव हुन् । लिच्छवि राजा नरेन्द्रदेवको पालामा नेपालको राजनैतिक अवस्था राम्रो थिएन । लिच्छविराजा अंशुवर्मा (ईसं ६२१) पछि नेपालमाजिष्णुगुप्त र ध्रुबदेवले संयुक्त शासन गरे । चीनको ताङ्ग वित्तान्तमा "नरेन्द्रदेवका बाबुलाई उनको भाइले सिंहासनबाट हटाएपछि नरेन्द्रदेव भागेर तिब्वत पुगे, त्यहाँ उनले शरण पाए (रेग्मी, २०२६ः७) ।" ईसं ६२१ पछि उदयदेव नरेन्द्रदेवले २२ वर्ष निर्वासित जीवन विताउनु परेको थियो (रेग्मी, विसं. २०५३) । तिब्वती सहयोग लिई गुप्तहरूलाई हराई नरेन्द्रदेवले ईसं ६४३–६७९ सम्म शासन गरे । इतिहासमा लिच्छवि राजा नरेन्द्रदेवको अस्तित्व ५८ वर्ष देखिन्छ । पूर्वमध्यकालमा दुई जना नरेन्द्रदेवले शासन गरेको भेटिन्छ । ती मध्ये गुणकामदेवको छोरा नरेन्द्रदेवले ईसं. ९९८ मा शासन गरेका थिए । त्यसपछि इन्द्रदेवका छोरा नरेन्द्रदेवले ११३४–११४५ सम्म शासन गरेका थिए (तमोट, ११३२, पृ. ४०,४१) ।

लिच्छविकालिन राजा नरेन्द्रदेव शैव धर्ममा आस्था राख्छन् । उनको देउपाटनको कसाईटोलको अभिलेखमा भगवत्पशुपतिभट्टारकपादानुगृहीतो परममाहेश्वर भनी विशेषण धारणा गरेकोबाट थाहा हुन्छ (वज्राचार्य, २०५३, पृ. ४९९) । लिच्छवि राजा शिवदेव, अंशुवर्मा, नरेन्द्रदेवको अभिलेखमा पशुपतीभट्टारकपादानुध्यात भनी लेखिएको देखिएबाट शैवधर्म राजधर्मको रूपमा रहेको अनुमान हुन्छ । नरेन्द्रदेव शैवधर्मका अुनयायी भए पनि बौद्ध र वैष्णव धर्ममा पनि उदार देखिन्छ । शिवदेव विहारको भिक्षुसंघलाई विशेष अधिकार दिएको थियो । चीनिया राजदूत वाङ्गयुञ्चेले पनि नरेन्द्रदेवको कमरपेटीमा बुद्धमूर्ति कुँदिएको भनी उल्लेख गरेका थिए (वज्राचार्य, २०५३, पृ. ५०३) ।

## २. समस्या

काठमाडौं उपत्यकाको ललितपुरमा मनाउँदै आइरहेको मत्स्येन्द्रनाथको जात्रालाई स्थानीयहरू करुणामयको जात्रा, बुंगमलोकेश्वरको जात्रा भनिन्छ । यो देवतालाई शैव, वैष्णव र बौद्ध तीनै सम्प्रदायले आ—आफ्नो विश्वास अनुसार मान्दै आइरहेका छन् । त्यसैले यो देवता सबैको साझा देवता मानी, राजकीय समानका साथ रथजात्रा गरी मनाउँदै आइरहेको छ । जनविश्वास अनुसार रथजात्राको परम्परा लिच्छवि राजा नरेन्द्रदेवको शासनकालमा सुरु गरेको भन्ने जनविश्वास रहेको छ भने, अर्को थरी विश्वास अनुसार गुणकामदेवको छोरा नरेन्द्रदेवको पालामा भन्ने पनि छ । साहित्य ग्रन्थहरूमा पनि लिच्छवि राजा गुणकामदेवका छोरा नरेन्द्रदेवको पालामा भन्ने पनि छ जसले गर्दा रथजात्राको सुरु कहिले हो भन्ने ऐतिहासिकता प्रमाणित गर्न सकिरहेको छैन ।जसले गर्दा निम्न प्रश्नावलीहरू उब्जिएको छ ।

मत्स्येन्द्रनाथको रथजात्रा कसले चलायो ?

कहिले संचालन भयो ?

बुंगमलोकेश्वर, आर्यावलोकितेश्वर, मत्स्येन्द्रनाथको प्रसंग अभिलेखमा कसरी वर्णन गरिएको छ?

## ३. उद्देश्य

ललितपुरमा मनाइने मत्स्येन्द्रनाथकको रथजात्रा को राजाको पालामा चलायो भन्ने ऐतिहासिक तथ्यको खोज गर्ने ।

लिच्छवि राजा नरेन्द्रदेव र अन्य पूर्वमध्यकालका नरेन्द्रदेव नामधारी राजाहरूगरी जम्मा तीजना छन् । लिच्छवि राजा नरेन्द्र देवको समय सातौ शताब्दी, गुणकामदेवको छोरा नरेन्द्रदेवको समय दशौं शताब्दीको अन्त र इन्द्रदेवका छोरा नरेन्द्रदेवको रमय चौधौं शताब्दी हुन् । ती मध्ये कुन समयमा रथजात्रा संचालन भयो भन्ने स्पष्ट गर्ने ।

शिलाभिलेख, वंशावली, साहित्यिक ग्रन्थहरूमा आर्यावलोकितेश्वर, बुंगमलोकेश्वर, मत्स्येन्द्रनाथको प्रसंग कुन समयको अभिलेखमा कसरी उल्लेख गरेको छ भन्नेवर्णन गर्ने ।

## ४. आर्यावलोकितेश्वर वालोकश्वर

लोकेश्वर वा बोधिसत्वको अवधारणा महायान बुद्धधर्मसंगै ईपू तेस्रो शताब्दीमा सम्राट अशाकेको पालादेखि नै विकास भएको हो । सातौं शताब्दीका चिनीया यात्री ब्हेनसाङ्गको धारणा अनुसार दोस्रो (जेठ) महिनाको अष्टमीको दिनमा मगधमा लोकेश्वरको रथजात्रा गर्ने प्रसंग उल्लेख गरेको छ (मिश्र, २००५, पृ. ५३) । नेपालमा भेटिएका शिलाभिलेखहरूमा लोकेश्वरको उल्लेख छैठौं शताब्दीदेखि नै देखिन्छ । ईसं. ५४५ ब्रम्हटोलको रामदेवको पालाको अभिलेखमा लोकेश्वरको प्रसंग आएको छ (शाक्य, ११२७, पृ. १३) । धरोहराबाट लगन जाने बाटोमा भेटिएको अभिलेखमा "सव्र्वसत्वहितसुखात्र्थाय भगवत आर्या(व) लोकितेश्वरनाथ प्रतिष्ठापित" (वज्राचार्य, २०५३ः पृ. १७७) मणिगुप्तले आफ्नी पत्नी महेन्द्रमतीसंगै धर्मदान गरी आर्यावलोकितेश्वर स्थापना गरेको उल्लेख छ । चारै दिशामा सम्यक दृष्टि राखी अवलोकन गर्ने ईश्वर भएकोले लोकेश्वरलाई ग्रन्थ र अन्य अभिलेखहरूमा आर्यावलोकितेश्वर शब्द कुँढिएको पाइन्छ । काठमाडौंको ब्रम्हटोलको सम्बत् ४७९ को अभिलेखमा भगवदार्या......... उल्लेख छ (वज्राचार्य, २०५३, पृ. १८५) । त्यस्तै काठमाडौं बण्डाहिटीको अभिलेखमा राजाको नाम उल्लेख छैन जसमा बुद्धो भवेत् क्षेत्रञ्च १० भगवतोस्यावलोकितेश्वरस्य धूप दीपेन मा २ आर्यसंङघस्य च मा ५(वज्राचार्य, २०५३, पृ. ३८६) लेखेको छ । लिपिको आधारमा अंशुवर्माकालिन अनुमान गरेको छ । ललितपुरको त्यागलटोलको अभिलेखमा लोकेश्वको उल्लेख छ । यङ्गबहालको अभिलेखमा सम्बत् १८० माघकृष्ण द्वितीयाको दिनमा मानदेवको राज्यमा यी गुणका खानी भएका अवलोकितेश्वरको स्थापना गरेको उल्लेख छ । अवलोकितेसममलम्पाषाणमत्यद्भुतम्.........राज्ये श्रीमानदेवस्य वर्षेशीत्युत्तरे शते । माघकृष्णदितीयायाम्प्रतिष्ठास्य गुणोदधेः (वज्राचार्य, २०५३, पृ. ५९१) । नेपाल उपत्यकाभित्र लिच्छविकालमा लोकेश्वरका मूर्तिहरू प्रशस्त देखा परेको प्रसंग अभिलेखहरूबाट थाहा हुन्छ । राष्ट्रिय अभिलेखालय लगत ४, संख्या १६७६ इतिहास विषय २३, माइक्रोफिल्म संख्या बि २३९ सुरक्षित थ्यासफू पत्र ४८ मा नरेन्द्रदेव राजाले नेसं. सुरु हुनु भन्दा ३०५वर्ष पहिला(ईसं. ५७५) बुंग भन्ने ठाउँको लोकेश्वर बुंग्मलोकेश्वर ललितपुर ल्याएको उल्लेख गरेको छ (शाक्य, ११२७, पृ. १२) ।तर यो मिति लिच्छवि राजा नरेन्द्रदेवको शासनकाल भित्र पर्दैन ।त्यस्तै पशुपती जयदेव द्वितीयको (ईसं. ७३३) अभिलेखमा पद्मं किं करुणाकरस्य करतो लोकेश्वरस्यागतम् । करुणामय लोकेश्वरको हातबाट आएको कमल पो यो हो कि भन्ने उल्लेख भएकोले छ (लम्साल, २०२३, पृ. १५) । त्यस्तै ईसं १०७१ सालमा लेखिएको भनिएको हस्तलिखित ग्रन्थ जुन हाल पेरिसमा संग्रहित छ भनी लेखिएको उक्त ग्रन्थको गाता चित्रमा देवतालाई बुंग्मलोकेश्वर भनी लेखेको भन्ने उल्लेख छ (शाक्य, ११२७, पृ. १३) । बुंग्मलोकेश्वर नाम उल्लेख भएबाट एघारौं शताब्दीमा ललितपुरको दक्षिण अवस्थितबुंग भन्ने ठाउँको लोकेश्वरले प्रसिद्धि पाइसक्यो भन्ने थाहा हुन्छ । यी अभिलेखबाट लिच्छविकालमा लोकेश्वर, आर्यावलोकितेश्वर शब्दको प्रयोग भएको भन्ने स्पष्ट छ भने एघारौं शदीमा आएर बुंग देशमा अवस्थित लोकेश्वरले प्रसिद्धि पाइसकेको थाहा हुन्छ । तर राष्ट्रिय अभिलेखालयको थ्यासफूमा तिथिमिति र घटनाको प्रसंग मेल छैन। लिच्छविकालका अभिलेखमा रथजात्राको प्रसंग आएको छैन । मत्स्येन्द्रनाथको प्रसंग पनि कहिं आएको छैन ।

वंशावलीहरूमा सवभन्दा पुरानो र विश्वसनीय मानेको गोपालराज वंशावली हो । उक्त वंशावली नेसं. ५०९ (ईसं. १३८९) ताका लेखेको विश्वास गरिन्छ । उक्त वंशावलीमा "श्री नरेन्द्रदेव वर्षकृत ३५ तस्य आचार्य बन्धुदत्तद्वयेन बुग्मलोकेश्वर

भटारकस्य जात्रा (२३ क) कृता भवति" (मल्ल, १९८५ः पृ. ३०) लेखेको छ। यो हरफ लिच्छवि राजाहरूको क्रममा परेकोले लिच्छविकालका राजा नरेन्द्रदेव हो कि भन्ने अनुमान गरेको हो। राजा बालार्चनदेव २१ ले बुग्मलोकेश्वरलाई आफ्नो मुकुट चढाएको उल्लेख छ (मल्ल, १९८५ः पृ. ३२) ।बालार्चनदेवको समय ईसं. ७७५ देखि ८१० सम्म ३५ वर्ष राज्यकाल दिएको छ (नःघःभनी, २०५४, पृ. ७) ।नेसं ४०८ (ईसं. १२८८) मा जितारिमल्ल नेपाल प्रवेश गरी गाउँमा आगो लगाई बुंग्मलोकेश्वर, स्यंगु (स्वयम्भू) चैत्य र पशुपती दर्शन गरे (२६ ख) (मल्ल, १९८५ः पृ. ३४)। नेसं. ४१० (ईसं १२९०) मा जितारि मल्लले नुवाकोट कब्जा गरी केही निधी बुंग लोकेश्वरलाई चढाएको थियो (मल्ल, १९८५ः पृ. ४८)। नेसं. ४३३ (ईसं १३१३ ) मा रिपुमल्लले वुंगमा स्नान गरी दान चढाएको र श्री जयरुद्रमल्ल देव महाजात्रा हेर्न आएको उल्लेख छ (मल्ल, १९८५ः५१)। नेपालमा ईसं. १२२६ देखि १२३४ सम्म ८ वर्ष धर्मस्वामी नेपालमा बसीबुखम (बुंग्म) लोकेश्वरको जात्रा हेरेको वर्णन दिएको छ (रोयरिच, १९५९, पृ. ५४,५५)। श्रीनिवास मल्लकै ललितपुर तःबहालको नेसं. ७९३ (ईसं १६७३) को अभिलेखमा बुङ्गमलोकेश्वरलाई इष्टदेवता भनी उल्लेख गरेको छ (शाक्य, २०२२, पृ. २१)। यी शब्दले बुंगमा अवस्थित यी लोकेश्वर स्थानको नामबाट बुंग्मलोकेश्वर, स्थानीय देवता (इष्ट देवता)को रूपमा त्यसबेला प्रसिद्ध थियो भन्ने बुझिन्छ। धर्मस्वामीले जात्रा हेरेको प्रसंगबाट रथजात्राको परम्परा त्यसबेला सुरु भैसकेको स्पष्ट हुन्छ। ललितपुरमा हाल जात्रा गर्दै आइरहेको लोकेश्वरलाई आठौं शदीदेखि नै बुंगमलोकेश्वरको नामद्वारा पुकारिन्छ भन्ने प्रसंग बालार्चनदेवको प्रसंगबाट थाहा हुन्छ। जुन देवता उतरमल्लकालमा मल्लहरूको इष्ट देवताको नामले पुकारिन्छ भन्ने बुझिन्छ।

### ५. बुंगमलोकेश्वरमत्स्येन्द्रनाथको रूपमा

*मत्स्येन्द्रं योगिनां मुख्यः शाक्तं शक्तिं वादित्तियम्।*

*बौद्धा लोकेश्वरं तस्मै नमो ब्रम्ह स्वरुपिणे॥*

ललितपुरका राजा श्रीनिवास मल्लले नेसं. ७९२ (ईसं १६७२) मा बुंगमती तःबहालमा मत्स्येन्द्रनाथको मन्दिर बनाए। लोकेश्वरको मूर्ति राखी प्रबेशद्वार बनाई चैत्यहरू स्थापना गरे। श्रीनिवास मल्लको आमा भानुमतीको नामबाट खेत राखी प्रत्येक वर्षको चैत्रऔंसीको दिनमा कनफत्ता जोगीहरूलाई खुवाउन खेत राखेको छ (शाक्य, ११११२, पृ. २१,२२)। यसबाट बुंगमलोकेश्वर नाथहरूसंग पनि सम्बन्ध रहेको स्पष्ट हुन्छ। श्रीनिवास मल्लको समयमाबाराणसीका एक ब्राम्हणले १०० श्लोकको मत्स्येन्द्रपाद्योशतकम् लेखेको थियो। उक्त श्लोकमा नेपालमण्डलमा १२ वर्षसम्म वर्षा नभएकोले बन्धुदत्तलाई मत्स्येन्द्रनाथ स्वयंले नेपाल आउने वाचा गरेको रउक्त वाचाको विषयमा राजा नरेन्द्रदेवलाई सूचना दिई लिन गएको भन्ने वर्णन रहेको छ। लोकेश्वरको आत्मा (चित्त) तान्त्रिक शक्तिद्वारा भमरा (भमः)मा परिणत गराई उक्त भमराको रूपलाई कलशमा राखी नरेन्द्रदेव र बन्धुदत्तले नेपाल ल्याएको प्रसंग छ (लक, १९८०, पृ. २८२)। नाग आसन गरी बसेका गोरखनाथलाई उठाउन नेपालमण्डलका राजा नरेन्द्रदेवले कामारुकामाक्षबाट मत्स्येन्द्रनाथ ल्याएको उल्लेख गरेका छन् (लक, १९८०, पृ.२८८)। बुंग्मलोकेश्वरलाई मत्स्येन्द्रनाथसंग जोडने विभिन्न किम्बदन्तीहरू पाइन्छन्। मत्स्येन्द्रनाथको कथासंग गोरखनाथको पनि संलग्नता छ। यी कथाहरूको प्रचारप्रसारले लोकेश्वर (अवलोकितेश्वर) नेपाल उपत्यकामा मत्स्येन्द्रनाथको नामले प्रचार हुनमा थप बल मिलेको छ।

नेपालमा नाथ सम्प्रदायको धारणाको विकासभारतको नालन्दा, विक्रमशील विश्वविद्यालय मुश्लिमहरूले ध्वष्ट गरेपछि धार्मिक सुधार वा समन्वयको रूपमा बौद्ध र नाथ सम्प्रदायको मिलन विन्दुको रूपमा भएको देखिन्छ। लोकेश्वरलाई बौद्ध र शैवहरूआआफ्नोविश्वास आस्था अनुरूप लिएको देखिन्छ। धार्मिक समन्वयको लागि लोकेश्वरलाई विष्णुको मत्स्य अवतार, गोरखनाथको गुरु मत्स्येन्द्रनाथ, आर्यावलोकितेश्वर भनी वैष्णव, शैव र बौद्धहरूको साझा देवताको रूपमा लिएको छ। बौद्ध र नाथपंथीहरूको समन्वयात्मक कालमा नेपालमा बुंगमलोकेश्वरसंग मत्स्येन्द्रनाथको समन्वय हुन पुगेको स्पष्ट छ । सोही अनुरूपधार्मिक समन्वयका कथाहरू निर्माण हुन पुगेको अनुमान गर्न सकिन्छ।

शैव धारणा अनुसार शिवयोगाभ्यास गरी फर्कने क्रममा समुद्रको किनारमा पार्वतीलाई शिवले काखमा राखी कुविद्या र सुविद्या बारे बताइरहेको थियो। कुविद्याको शिक्षा दिइरहँदा पार्वती निदाइन्। त्यसबेला आर्यावलोकितेश्वर आफू स्वयं मत्स्यको रूप धारणा गरी शिवद्वारा बाचित कुविद्या सुने। मत्स्यको रूपमा समुद्रमा बसी कुविद्या सुनेकोले त्यो बेलादेखि आर्यावलोकितेश्वर मत्स्येन्द्रनाथको नामबाट प्रसिद्ध भए (शाक्य, २०६१, पृ. २)। आर्यावलोकितेश्वर र मत्स्येन्द्रनाथको सम्बन्ध देखाउने कथाको रचनाले दुबै सम्प्रदायको साझा देवता बनाउन सहयोग मिल्यो।

मत्स्येन्द्रनाथको सम्बन्धमा ऐतिहासिकता भन्दा पनि किम्बदन्तिमा आधारित जनधारणा निकै प्रचार भएको छ। राजा नरेन्द्रदेवले शासन गरिरहेको बेला सिद्धा गोरखनाथ नेपालमा आई नागआसन गरी बसेकोले १२ वर्षसम्म नेपालमण्डलमा पानी परेन। यसमा कुन नरेन्द्रदेव भन्ने उल्लेख छैन। ज्योतिषको सल्लाह अनुसार कामारुकामाक्षमा जन्मेका मत्स्येन्द्रनाथलाई नेपाल ल्याएमा पानी पर्ने सल्लाह दिए। सल्लाह बमोजिम नरेन्द्रदेव राजाले बन्धुदत्त आचार्यको सहयोग लिई मत्स्येन्द्रनाथ नेपाल ल्याए(हसरत, १९७०, पृ.४४)। त्यस्तै अर्को जनविश्वास अनुसार राजा गुणकामदेवस्त्री सुखमा भुलेर अभद्र ब्यवहार गरेको पापले अनावृष्टि भयो। केही समयपछि चेत भई शान्तिपुरमा बसेका  शान्तिकर आचार्यकहाँ गई सल्लाह लिन गए। सल्लाह अनुसार नागसाधना गरी पानी पारे। उनको छोरा नरेन्द्रदेवको पालामा पनि १२ वर्ष पानी परेन। त्यसबेला पनि नरेन्द्रदेव र बन्धुदत्त आचार्य कामारुकामाक्ष गएर मत्स्येन्द्रनाथलाई ल्याए भन्ने धारणा छ। त्यसको स्मरण स्वरूप पाटनमा मत्स्येन्द्रनाथको रथजात्रा अद्यापि चलेको छ(हसरत, १९७०, पृ.२१,२२)। यो कथामा गुणकामदेवका छोरा नरेन्द्रदेवको पालामा भन्ने स्पष्ट छ।

भाषा वंशावली, पदमगिरी वंशावली, राइट वंशावलीमा मत्स्येन्द्रनाथ गोरखनाथका प्रसंगहरू पाइन्छन्। जुन वंशावलीहरू शाहकालमा मात्र लेखेका हुन्। उत्तर मल्लकालको केही अभिलेखहरूमा पनि मत्स्येन्द्रनाथको उल्लेख छ। त्यसको स्मरणमा प्रत्येक महिनाको संक्रान्तिमा पाटन र बुंगमतीमा राजा नरेन्द्रदेव, आचार्य बन्धुदत्त र रथचक्र ज्यापुको प्रतिमा त्यहाँ रहेको खालि पीठ (आसन) मा राखी सांस्कृतिक अभ्यास गर्ने चलन छ (लक, १९८०, पृ. ६०)। देवतालाई राख्ने, पूजा स्तुति गर्ने लगायत सम्पूर्ण अभ्यासहरू बौद्ध परम्परा अनुसार नै गर्दै आइरहेको छ।

बंशावली, साहित्यिक ग्रन्थ र जनधारणा अनुसार नरेन्द्रदेव र बन्धुदत्तले मत्स्येन्द्रनाथ ल्याएको प्रसंग, बन्धुदत्तलाई मत्स्येन्द्रनाथले नेपाल आउने वाचा गरेको प्रसंग, गुणकामदेवको छोरा नरेन्द्रदेवको पालामा पानी नपरेकोले कामारुकामक्षमा गई मत्स्येन्द्रनाथलाई तान्त्रिक साधना गरी नेपाल ल्याएको प्रसंग उल्लेख छ। यी आधारले गुणकामदेवका छोरा नरेन्द्रदेवको पालामा नेपालमा कामारुकामाक्षबाट मत्स्येन्द्रनाथ  नेपाल ल्याएको प्रमाणित हुन्छ।

### ६. मत्स्येन्द्रनाथ को हुन्?

नाथपंथीहरूमा आदिनाथपछि पहिलो गुरुको रूपमा मत्स्येन्द्रनाथलाई लिइन्छ। आदिनाथका शिष्यहरू मत्स्येन्द्रनाथ र जालंधरनाथ हुन्। मत्स्येन्द्रनाथको शिष्य गोरखनाथ हुन्। मत्स्येन्द्रनाथ चन्द्रगिरीमा मछुवा जातिमा जन्मेका थिए। जुन कामरूप भन्दा धेरै टाढा थिएन। उनको प्रादूर्भाव नवौ शदीमा भएको थियो। उनी साधनाको क्रममा स्त्रीहरूको फन्दामा परेका थिए। सायद त्यो ठाउँ कामरूप हुन सक्छ। त्यहाँका स्त्रीहरूको मायाजालबाट छुटाउने वा उदार गर्ने काम गोरखनाथले गरेका थिए (द्विवेदी, २०१०, पृ. ५४)। नाथ सम्प्रदायमा नवनाथको धारणा छ। जसमा पहिलो महादेव, दोस्रो मत्स्येन्दनाथ र दशौंमा गोरखनाथको नाम आउँछ। महार्णवतन्त्रमा गोरखनाथको नाम आउँदैन। गोरखनाथको नाम नआउनुको कारण गोरखपंथीहरू यी नौ नाथहरू पनि गोरक्षनाथ वा गोरखनाथको नयाँ अवतार मान्छन्। गोरख नै अनादि अनन्त पुरुषको रूपमा पनि लिइन्छ। उनकै इच्छा अनुसार ब्रम्हा, विष्णु महेश्वरको उत्पत्ति भएको मान्छन्। तर सामान्य सूचीमा आदिनाथ, मत्स्येन्द्रनाथ, जालन्धरनाथ, गोरखनाथको नाम पाइन्छ। यी नामहरू तान्त्रिक सिद्धमा पनि प्रसिद्ध छ। नाथ सम्प्रदायमा मीननाथ, गोरक्षनाथ दिएको छ भने बौद्ध सहजयानमा मीनपा, गोरक्षपा दिएको छ। श्रीज्ञानेश्वरचरित मा गुरु परम्पराको रूपमा आदिनाथको शिष्य

मत्स्येन्द्रनाथ र जालन्धरनाथ, मत्स्येन्द्रनाथको शिष्य गोरखनाथ भनी दिएको छ (द्विवेदी, २०१०, पृ. २७ – ३२)। गोरखनाथ र मत्स्येन्द्रनाथको समयको सम्बन्धमा नवौदेखि एघारौं शदीको अनुमान गरेको छ। हरप्रसाद शास्त्रीले नेपालको दरवार पुस्तकालयमा संकलित मत्स्येन्द्रनाथले लेखेको कौलज्ञान निर्णय हस्तलिखित ग्रन्थको आधारमा नवौं शदीको अनुमान गरेका छन्। कलकता विश्वद्यिालयको अध्यापक डा.प्रबोधचंद बागचीले मत्स्येन्द्रनाथले लेखेको अन्य चार हस्तलिखित ग्रन्थलाई लिपिको आधारमा ११ औं शदीको अनुमान गरेको छ (द्विवेदी, २०१०, पृ. ३७)। बौद्ध सिद्धहरूमा लुइपाको नाम आउँछ। उही लुइपा नै मत्स्येन्द्रनाथ हुन् भन्ने विश्वास गर्छन्। लुइपाको एक ग्रन्थमा दीपंकर श्रीज्ञानले सहायता गरेको उल्लेख छ। दीपंकर श्रीज्ञान ईसं. १०३८ मा विक्रमशीलबाट तिब्वत गएका थिए (द्विवेदी, २०१०, पृ. ३९)। पं. राहुल सांकृत्यायनले ८४ वज्रयानी सिद्धको सूचीमा मत्स्येन्द्रनाथको पिताको रूपमा मीनपा दिएको छ। मीनपा राजा देवपालको समकालिन देखाएको छ। राजा देवपाल ईसं ८०९ – ८४९ सम्म राज्य गरेका थिए। यसबाट पनि मत्स्येन्द्रनाथको समय नवौं हुन आउँछ। वज्रयानी सिद्ध कण्डपाले जालन्धरपादको नाम लिएको थियो। उ पनि देवपालको समयको मानिन्छ। जालन्धरनाथ र मत्स्येन्द्रनाथ दुबै आदिनाथका शिष्यहरू भएकोले नवौं शदीको रूपमा लिइन्छ (द्विवेदी, २०१०, पृ. ५१)। उपत्यकामा आठौदेखि बाह्रौ शताब्दीसम्मलाई तान्त्रिक युगको रूपमालिइन्छ। उक्त समयमा बौद्ध र शैव दुबैमा ८४ सिद्धहरू उत्पन्न भएका हुन्। त्यसमध्ये नवौं शदीमा गोरक्षपा (गोरखनाथ) उनका गुरु मत्स्येन्द्रको अस्तित्व देखिन्छ (सांकृत्यायन, २०३७ः१४८)। ८४ सिद्धहरूको वंशवृक्षमा मीननाथ, गोरखनाथ, चौरंगीनाथको नाम उल्लेख छ। मीननाथ, गोरखनाथ कामरूपका मछुवा जाति भन्ने उल्लेख छ (सांकृत्यायन, २०३७ः१४७) । मत्स्येन्द्रनाथलाई तिब्वती परम्परा अनुसार सहजयानी बौद्ध सिद्ध पुरुष र नाथपंथीहरू मत्स्येन्द्रनाथलाई आदिनाथ पछिका गुरुको रूपमा लिइन्छ। त्यसैले मत्स्येन्द्रनाथको रूपमा प्रचलन आएको रथजात्रा नवौं शताब्दी पछिको अभ्यास हो। नाथसम्प्रदायको ८४ सिद्धमा पनि गोरखनाथ र मत्स्येन्द्रनाथ थियो भने बौद्ध सिद्धहरूमा पनि मीनपा, गोरक्षपा, लुइपाको नाम आउँछ। यी दुबै सिद्धहरू तान्त्रिक साधकहरू हुन्। त्यसैले लोकेश्वर वा आर्यावलोकितेश्वर साझा देवताको रूपमा आ—आफ्नो सम्प्रदाय अनुरूप नाथहरूले मत्स्येन्द्रनाथको रूपमा लिएको स्पष्ट हुन्छ।

**७. जात्राको तिथिमिति**

विभिन्न ग्रन्थहरूमा मत्स्येन्द्रनाथको जात्राको विषयमा उल्लेख गरेको छ। भाषा वंशावली अनुसार मत्स्येन्द्रनाथको रथजात्रा कलिगत ३६७६ (ईसं. ५७५) जाँदा प्राप्त भएको उल्लेख छ। त्यस्तै कलिगत वर्ष ३६०० (ईसं. ४९९) मा आर्यावलोकितेश्वर पुज्य हुनुहुन्छ। त्यस्तै नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको २७६ संख्याको हस्तलिखित पुस्तक उदृढ गरी कलिगत वर्ष ३६२३ (ईसं. ५२२) मा नेपालमा आर्यावलोकितेश्वर पुज्य हुनुहुन्छ भनी उल्लेख गरेको छ। योगी शंकरनाथद्वारा प्रकाशित मत्स्येन्द्रपद्यशतकम् को अवतरिणिकामा कलिगत ३६०६ (ईसं. ५०५) उल्लेख छ। त्यस्तै शतानन्दले विसं. ११५६ मा बनाएको भास्वतीबाट कलिगत वर्ष ३६७० (ईसं. ५६९) मा नेपालमा आर्यावलोकितेश्वर पुज्य हुनुहुन्छ भनी लेखेको छ (लम्साल, २०२३, पृ. १२,१३)। मणिरत्नमाला अवदानमा कलिगत ३६०० (ईसं. ४९९) , राइट वंशावलीमा ३६२३ (ईसं. ५२२), पद्मगिरी वंशावलीमा ३६३८ (ईसं. ५३७), भाषा वंशावलीमा ३६७६ (ईसं. ५७५), एक एकराज वंशावलीमा ३६७६ (ईसं. ५७५) बुंग्मलोकेश्वर वा मत्स्येन्द्रनाथ नेपालमा ल्याएको उल्लेख छ (शाक्य, ११२७, पृ.१३)।लिच्छवि राजा नरेन्द्रदेवले विसं. ७०० देखि ७३६ (ईसं ६४३ – ६९) सम्म शासन गरेका थिए (लम्साल, २०२३, पृ. १४)। यी बंशावलीहरू शाहकालमा मात्र लेखेका हुन्। यी ग्रन्थहरूमा उल्लेखित सम्बतहरू कुनै पनि नरेन्द्रदेवको शासनसंग मेल खाँदैन।लिच्छवि राजा नरेन्द्रदेवलाई गोरखनाथ र मत्स्येन्द्रनाथ सम्प्रदायसंग सम्बन्ध जोडन खोज्नु असंभव छ (लक, १९८०, पृ.२९६,२९७)।
किम्बदन्ति अनुसार नरेन्द्रदेव राजा, बन्धुदत्त आचार्यले मत्स्येन्द्रनाथ ल्याएको विश्वास गरिन्छ। यो जनजिब्रोमा टासिएको लोकमान्यता हो। राजा नरेन्द्रदेव तथा उनका आचार्य बन्धुदत्तले मत्स्येन्द्रनाथको यात्रा चलाएको तत्कालिन प्रमाण अहिलेसम्म नपाए तापनि अनुश्रुति भने राजा नरेन्द्रदेव र बन्धुदत्तले चलाएको भन्ने नै छ। बन्धुदत्तआचार्य काठमाडौंको

तेबहालका हुन् (श्लसर, १८८३, पृ. ३७०)। ते बहाः राजकिर्ति महाविहारलाई शिवदेव संस्कारित भनी उल्लेख गरेको छ भने त्यही परिसरमा दोस्रो बहा पनि छ जसलाई बन्धुदत्त महाविहार भनिन्छ। जुन न्यूरोडको दक्षिण अवस्थित छ। त्यो बहाः राजा नरेन्द्रदेवले बन्धुदत्तको लागि बनाई दिएको भन्ने धारणा छ। उही बन्धुदत्तले मत्स्येन्द्रनाथ (बुंगद्यः) नेपाल ल्याएको भन्ने धारणा छ (लक, १९८०,पृ. ३०४)। तर स्थानीयहरू राजकीर्ति महाविहारलाई नै बन्धुदत्त महाविहार पनि भनिन्छ। बन्धुदत्त बसेकोले नै उक्त विहारको नाम पछि बन्धुदत्त महाविहार हुन गएको हुनसक्छ। यो विहार राजा नरेन्द्रदेवभन्दा अगाडि धर्मदेव वा अंशुवर्माले वनाएको हुनुपर्छ। राजविहार पछि बन्धुदत्त विहार हुन गयो। चूडाकर्मको बेला पश्चिमाभिमुख गन्धकुटी विहारमा पूजा गरी पूर्वाभिमुख गन्धकुटीको दर्शन गराइन्छ (वज्राचार्य, ११०३, पृ.८९,९०)। राजविहारको नाम हाँडिगाउँको अंशुवर्माको अभिलेखमा विहारलाई राज्यबाट दिने अनुदान ६ पुराण २ पण राजविहारलाई पनि दिएको उल्लेख छ (वज्राचार्य, २०५३, पृ.३२०)। यो अभिलेखबाट राजविहार पहिला र पछि मात्र बन्धुदत्त विहार हुन गएको हो भन्ने स्पष्ट हुन्छ।

नेपालमा प्रचलित लोककथामा नरेन्द्रदेवलाई गुणकामदेवको छोरा भनी उल्लेख गरेको छ (वज्राचार्य, २०२२, पृ. १७)। उनको समयमा वर्षा नभई हाहाकार भएकोले शान्तिपुरमा वस्ने शान्तिकर वज्राचार्यसंग सल्लाह गरेको र उसले आफनो शिष्य बन्धुदत्तलाई बोलाउन पठाएको थियो (वज्राचार्य, २०२२, पृ. २९)। शान्तिकर आचार्य पहिला गौड देशका राजा प्रचण्डदेव थिए। उनलाई कलिंग, कौशलका राजा श्रीहर्षले हराएपछि प्रचण्डदेव नेपालमा ईसं. ७३२ भन्दापछि नेपाल आएको देखिन्छ (वासु, १९२२, पृ. १५७)। यी नै प्रचण्डदेव नेपालमा भिक्षु भई शान्तश्री भए। पछि गुणाकरबाट अभिषेक(दीक्षा) लिई शान्तिकर आचार्य भई बसे भन्ने धारणा स्वयम्भूपुराणमा उल्लेख छ।यसबाट शान्तिकर आचार्य आठौं शताब्दीका हुन्र लिच्छवि राजा नरेन्द्रदेव सातौं शताब्दीका हुन्। शान्तिकरको समय नरेन्द्रदेवको नाती जयदेवको समयसंग मिल्छ। त्यसैले शान्तिकरको सल्लाह लिने, बन्धुदत्त नरेन्द्रदेवसंग करुणामय लिन जानेभन्ने प्रसंग ऐतिहासिक नभै साहित्यिक ब्याख्यान मात्र हो भन्ने थाहा हुन्छ।

## निष्कर्ष

लिच्छवि शासनकालदेखि पूर्वमध्यकाल अर्थात् सातौं शताब्दी देखि चौधौं शताब्दीको बीचमा नरेन्द्रदे नामधारी तीनजना राजाहरू थिए। लिच्छवि राजा नरेन्द्रदेवले ईसं ६४३ देखि ६७९ सम्म शासन गरे। उनी निकै प्रभावशाली राजा थिए। उनको पालामा र उनी भन्दा पहिलाका शिलाभिलेखहरूमा लोकेश्वर, आर्यावलोकितेश्वर र बुंगमलोकेश्वरको स्थापना र पूजा गर्ने प्रसंगहरू उल्लेख भएको छ। कहिं कतै पनि लोकेश्वरको रथजात्रा र बुंगमलोकेश्वरको रथजात्राको विषयमा उल्लेख थिएन।

अर्का नरेन्द्रदेव पूर्वमध्यकाल वा ईसं ९९८ ताकाका गुणकामदेव (ईसं. ९८७—९९०) का छोराको समय ताकाको शिलाभिलेख र अन्य अभिलेखहरू न्यून छन्। तर स्वयम्भूपुराणमा गुणकामदेवको छोरा नरेन्द्रदेवको पालामा १२ वर्षसम्म अनावृष्टि भएकोले बन्धुदत्त र नरेन्द्रदेवले मत्स्येन्द्रनाथ कामरूपबाट नेपाल ल्याएको उल्लेख छ। गोपालराज वंशावलीमा पनि नरेन्द्रदेव र बन्धुदत्त द्वयले बुंगमलोकेश्वर नेपाल ल्याएको उल्लेख छ। त्यस्तै बौद्ध र नाथ सम्प्रदायमा सिद्धपुरुषहरूको समयको रूपमा आठौंदेखि बाह्रौं शदी भनी उल्लेख छन्। त्यसमा पनि गोरखनाथ र मत्स्येन्द्रनाथको समय नवौं शताब्दी हो भन्ने देखिएको छ। नवौं शताब्दी बौद्ध र शैवहरूको समन्वयात्मक समय देखिएको छ। त्यस्तै तिब्वतबाट नेपालमा बौद्ध शिक्षा अध्ययन गर्न आउने धर्मस्वामी नेपालमा ईसं. १२२६ देखि १२३४ सम्म आठ वर्ष बसेको बेला बुंगमलोकेश्वरको जात्रा हेरेको प्रसंग आफ्नो यात्रा वृत्तान्तमा उल्लेख गरेको छ। त्यसैले गुणकामदेवको छोरा नरेन्द्रदेव राजाले रथजात्राको परम्परा थालनी गरेको भन्न सकिन्छ।

आठौं शदीदेखि बाह्रौ शदीसम्मको अभिलेखहरू थोरै भेटिएकोले अभिलेख अनुसार गुणकामदेवले ईसं ९८७ देखि ९९० सम्म देखिन्छ भने उनका छोरा नरेन्द्रदेवको ईसंं ९९८ मात्र देखिन्छ। गुणकामदेवपछि शासन गरेको अनुमान अनुसार ईसं. ९९० पछि नरेन्द्रदेवले शासन गरेको भन्न सकिन्छ। त्यसैले रथजात्राको परम्परा दशौ शताब्दीको अन्तमा थालनी भएको भन्न सकिन्छ।

नेपालमण्डलभित्र प्राप्त लिच्छविकाल अभिलेखमा लोकेश्वर, अवलोकितेश्वर शब्द भेटिएको छ भने बालार्चनदेवको पालामा बुंगमलोकेश्वरलाई मुकुट चढाएको प्रसंग उल्लेख छ । नवौं शताब्दीमा आएर चौरासी सिद्धहरूको प्रसंगमा गोरखनाथ र मत्स्येन्द्रनाथको उल्लेख भएको छ । पूर्वमध्यकालको अभिलेखमा बुंगमलोकेश्वरको रथजात्राको प्रसंग छ भने उत्तर मल्लकालमा मत्स्येन्द्रनाथको रथजात्राको प्रसंग उल्लेख छ । त्यसैले पहिला लोकेश्वर वा बुंगमलोकेश्वरको रथजात्रा पछि गएर मत्स्येन्द्रनाथको रथजात्राको नामले प्रख्यात हुन गएको हो भन्ने प्रमाणित हुन्छ ।

**सन्दर्भग्रन्थहरू**


तमोट, काशीनाथ, (नेसं. ११३२), नेपालमण्डलया जुजुपिनि भोगवर्ष, न्हू हिसु ६(६), पृ. ३७ – ४५ ।

द्विवेदी, हजारीप्रसाद, (ईसं. २०१०), नाथ – सम्प्रदाय । इलाहवादः लोकभारती प्रकाशन ।

नःघःभनी, तीर्थलाल, (विसं. २०५४), नेपाःया जुजुपिनिगु ई, पासूका २(२), पृ. ६ – ७ ।

रेग्मी, जगदीशचन्द्र, (विसं. २०५३), लिच्छवि – इतिहास । काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

रेग्मी, जगदीशचन्द्र, (विसं. २०२६), लिच्छवि – संस्कृति । काठमाडौंः रत्नपुस्तक भण्डार ।

लम्साल, देवीप्रसाद (सं.), (विसं. २०२३), भाषा वंशावली भाग २ । श्री ५ को सरकार शि.मं. पुरातत्व विभाग नेपाल राष्ट्रिय पुस्तकालय ।

वज्राचार्य, आशाकाजी, (विसं. २०२२) बुंगद्यो नेपालय् हःगु खँ । नेपालः जगत उद्धार प्रेस ।

वज्राचार्य, मुनीन्द्ररत्न, (नेसं.११२२), नेपालका चार प्रसिद्ध करुणामय लोकेश्वर । काठमाडौंः प्रमोदहर्ष वज्राचार्य ।

वज्राचार्य, धनवज्र, (विसं. २०५३), लिच्छविकालका अभिलेख । कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, रत्नकाजी र विजयरत्न, (नेसं. ११०३), नेपाः देःया विहारया ताःचा । यँः रत्नकाजी विजयरत्न – वज्राचार्य ।

शाक्य, बुद्धाचार्य, (विसं. २०६१) बुंगद्यः । यलः पूर्णचन्द्र शर्मा ।

शाक्य, मीनवहादुर र शान्तहर्ष वज्राचार्य, (विसं. २०५८), स्वयम्भूपुराण । ललितपुरः बौद्ध अध्ययन संस्थान ।

शाक्य रवि, (नेसं. ११२७), बुंगद्यःया घटनावली ।यलः न्हू हिसु पुचः ।

शाक्य हेमराज (सं.), (अनु.), (नेसं. ११११२), करुणामय श्री बुङ्गम लोकेश्वरया महत्वपूर्ण शिलापत्रया भावानुवाद । ललितपुरः धर्मरत्न शिल्पकार ।

सांकृत्यायन, राहुल, (विसं. २०३७), पुरातत्व – निबन्धावली । प्रयागः इण्डियन प्रेस लिमिटेड सर्वोदय साहित्य मन्दिर ।

Hasrat, B. J., (Ed.), (AD. 1970), *History of Nepal as told by its own and contemporary chronicles*. India: The Editor at 5.

Locke, J. K. (AD. 1980), *Karunamaya*, *The cult pof Avlokiteswara-Matsyendranatha in the valley of Nepal*. Kathmandu: Sahayogi prakashan for CNAS .

Locke, J. K. S. J., (AD. 1985), *Buddhist monasteries of Nepal*. Kathmandu: Sahayogi Press PVT. LTD.

Mishra ,N. K. (AD. 2005), Newar Buddhism and the context of history, in Shankar Thapa (Ed,), *Historical context of Newar Buddhism.* (pp. 46-61) . Nagarjuna Publication Pvt. Ltd.

Roerich, G., (AD. 1959), *Biography of Dharmasvamina Tibetan monk pilgrim*. K.P. Jayswal Research Institute.

Slusser, M S., (AD. 1998), *Nepal mandala a cultural study of the Kathmandu valley*. Princeton University Press.

Vajracharya D. & Kamal P. M., (AD. 1985), *The Gopalraj Vamsavali.* Franz steiner Wiesbaden GMBH.

Vasu, N. N., (AD. 1922), *The social history of Kamarupa*. Author.